आ.व. २०८२/०८३ बगनासकाली गाउँकार्यपालिकाका बैठक संख्या २

आज मिति २०८२।०५।०८ गतेका दिन यस बागनासाकाली गाउँ कार्यपालिकाको आ.व. ०८२/८३ को दोस्रो बैठक गाउँपालिका अध्यक्ष श्री सरस्वती दर्लामी (चिदी) ज्यूको अध्यक्षतामा देहायको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न वमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | वडा नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री सरस्वती दर्लामी (चिदी) | अध्यक्ष | |
| २ | - | श्री हरि प्रसाद पाठक | उपाध्यक्ष | |
| ३ | ३ | श्री टिका बहादुर थापा | वडा अध्यक्ष(प्रवक्ता) | |
| ४ | १ | श्री शेर वहादुर चिदी | वडा अध्यक्ष | |
| ५ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ६ | ४ | श्री जित बहादुर कनौजे | वडा अध्यक्ष | |
| ७ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ८ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ९ | ७ | श्री गण वहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| १० | ८ | श्री मोतीलाल बस्याल | वडा अध्यक्ष | |
| ११ | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| १२ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १३ | ३ | श्री वसन्ती थापा | का.पा. सदस्य | |
| १४ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १५ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | |
| १६ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १७ | ६ | श्री वोम लाल सुनार | का.पा. सदस्य | |
| १८ | - | श्री खेमराज छिनाल | सचिव | |

अन्य उपस्थिती

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | यादव प्रसाद [illegible] | व.आ.ले.प. अधिकृत | |
| २ | केशवराज पौडेल | लेखा अधिकृत | |
| ३ | सुजन घिमिरे | प्र. अधिकृत | |
| ४ | दुर्गा पराजुली | व. ले. सहायक | |

**प्रस्तावहरु :**

१. समिक्षा सम्वन्धमा ।

२. राजस्व परामर्श समितिले पेश गरेको प्रस्ताव सम्वन्धमा ।

३. उपभोक्ता समिति गठन सम्वन्धमा ।

४. योजना सम्झौता सम्वन्धमा ।

५. लोक सेवा आयोगमा कर्मचारी माग सम्वन्धमा ।

६. विविध ।

**निर्णयहरु :**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०४/०२ गतेको कार्यपालिका बैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

<u>तपसिल</u>

१. आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाका विषयगत शाखाहरुबाट सम्पन्न भएका कार्यक्रमको विवरण, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुबाट सम्पादन भएका योजना तथा कार्यक्रमहरुको विवरण तयार पारी कार्यालयले मिति २०८२/०४/०५ गते वार्षिक समिक्षा प्रस्तुत गरियो ।

२. आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत वार्षिक कार्यक्रमहरु सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष समक्ष, विषयगत शाखाका प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत समक्ष र शाखामा कार्यरत कर्मचारीहरुले शाखा प्रमुख समक्ष कार्यसम्पादन करार सम्झौता गरियो ।

३. आर्थिक वर्ष २०८२/०८३ का लागि वार्षिक कार्ययोजना स्वीकृत गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि छलफल गर्दा राजस्व परामर्श समितिको मिति २०८२/०४/१४ को बैठकले निर्णय गरी सिफारिस गरेका तपसिलका निर्णयहरुको छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

<u>१.कवाडी कर ठेक्का लगाउने सम्वन्धमा :</u>

चालु वर्षको लागि आर्थिक ऐन २०८२ बमोजिम गत वर्षमा तोकिएको दर रु.६५०००।(पैसठ्ठी हजार) न्युनतम ठेक्का अंक राखि कवाडी कर असुलीको लागि ठेक्का प्रक्रिया अगाडी बढाउन कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

<u>२. ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन, संकलन तथा बिक्रि सम्वन्धमा :</u>

बगनासकाली गाउँपालिका क्षेत्र भित्रका तथा प्रारम्भिक वातावरणीय परीक्षण भएका स्थानमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन, संकलन तथा बिक्रिको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको परिमाण अनुसार ठेक्का लगाउन गाउँकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

३. विज्ञापन कर सम्वन्धमा:

विज्ञापन कर असुलीको लागि गत विगतमा ठेक्का नलागेकोमा चालु आ.व.मा रु.२५०००। न्युनतम ठेक्का अंक राखी असुलीको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन गाउँकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८२/०८३ मा यस गाउँपालिकाका आयोजना तथा कार्यक्रम संचालन गर्ने मिति २०८२/०५/१७ गते भित्र उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा हालसम्म प्राविधिक लागत अनुमान तयार भई सकेका योजनाहरुको वडा कार्यालयहरुमै गई मिति २०८२/०५/१८ गतेदेखि ३१ गतेसम्म योजना सम्झौता तथा बैंक खाता खोल्ने कार्यक्रम संचालन गर्ने साथै आवश्यक कागजात सहित जानकारीका मिति, समय र स्थान तोकि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोगको च.नं.१८, मिति २०८२/४/६ गतेको पत्रानुसार तपसिलका कर्मचारीहरु माग गरी पठाउने निर्णय गरियो ।

तपसिल

| क.स. | पद | तह | सेवा | समूह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वरिष्ठ प्रशासन सहायक | पाचौं | स्थानीय प्रशासन | सामान्य प्रशासन | २ | |
| २ | प्रशासन सहायक | चौंथो | स्थानीय प्रशासन | सामान्य प्रशासन | १ | |
| ३ | सब इन्जिनियर | पाचौं | स्थानीय इन्जिनियरिङ सेवा | सिभिल | २ | |
| ४ | खानेपानी तथा सरसफाइ टेक्निसियन | चौंथो | स्थानीय इन्जिनियरिङ सेवा | सिभिल | १ | |
| ५ | अ.स.इन्जिनियर | चौंथो | स्थानीय इन्जिनियरिङ सेवा | सिभिल | १ | |

**निर्णय नं. ५.**

**क) बिदा सम्बन्धमा :-**

यस गाउँपालिका वडा नं. १ स्थित चिर्तुङ्धारा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी सि.अ.न.मी. श्री चम्पा ढुंगानाले मिती २०८२/०८/०१ गतेदेखि २०८२/१०/३० गतेसम्म सेवाप्रवाहमा असर नपर्ने भनि उक्त संस्थाको सिफारिस सहित विदा माग गरेको हुँदा बिदा प्रदान गर्ने निर्णय गरियो ।

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

ख) परिक्षा सम्बन्धमा :-

बगनासकाली गाउँपालिकाले २०८२/०४/०४ गते प्रकाशित कार्यालय सहयोगी पदको विज्ञापनमा दरखास्त दिएका उम्मेदवारहरुको लिखित परिक्षा लिई उर्त्तिणहरुलाई अन्तर्वार्तामा समावेश गरी छनौट गर्ने निर्णय गरियो।

ग) करारोपण सम्वन्धमा :-

बगनासकाली गाउँपालिकाले आफ्नो क्षेत्र भित्र मात्र कर उठाउने गरेको र क्षेत्र भन्दा वाहिर करारोपण नगरेको निर्णय गरियो ।

घ) आयोजना संचालन सम्वन्धमाः-

कालीगण्डकी वृहत खानेपानी आयोजना संचालनका सम्वन्धमा उपभोक्ता, सरोकारवाला, जनसमुदाय, राजनैतिक दल र जनप्रतिनिधिहरुको सहभागितामूलक बैठकको आयोजना गरी सोहि बैठकको निर्णय अनुसार संचालनं गर्ने निर्णय गरियो।

ङ) प्राविधिक कर्मचारीको जिम्मेवारी सम्वन्धमा :-

बगनासकाली गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत तपसिलका कर्मचारीहरुको जिम्मेवारी तपसिल बमोजिम हेरफेर गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कर्मचारीको नामथर | साविकको जिम्मेवारी | तोकिएको नयाँ जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | कल्याण सिंह पाण्डे | पालिका र वडा नं. १ | पालिका, वडा नं. १ र ३ | |
| २ | वीरेन्द्र थापा | पालिका र वडा नं. ३ | पालिका र वडा नं. ७ | |
| ३ | अरुन श्रेष्ठ | पालिका र वडा नं. ७ र ८ | पालिका र वडा नं. ८ र ९ | |

च) ढुंगा बिक्रि सम्वन्धमा :-

कार्यपालिकाको मिति २०८१/११/१२ गतेको बैठकद्वारा बगनासकाली गाउँपालिका वडा नं. २ र ३ को सिमानामा अवस्थित भकारे ठूलो ढुंगामा जफत गरिएको ढुंगा अमिन तथा प्राविधिकवाट प्रास प्रतिवेदनको आधारमा लिलाम बिक्रि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

छ) सार्वजनिक शौचालय समुदायलाई हस्तान्तरण सम्वन्धमा :-

बगनासकाली गाउँपालिकाको तपसिल वडाहरुमा निर्माण सम्पन्न गरिएका सार्वजनिक शौचालयहरुको संरक्षणका, संचालन र मर्मत सम्भारका लागि तपसिलका समिति तथा क्लवहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.स. | शौचालय | हस्तान्तरण गर्ने समिति/क्लब | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | चिलाङ्दी खेल मैदानमा निर्माण गरिएको सार्वजनिक शौचालय | श्री न्यु हिमाली युवा क्लब, | बगनासकाली-१ चिलाङ्दी, | |
| २ | लालपाटी नरसिंह मन्दिर परिसरमा निर्माण गरिएको सार्वजनिक शौचालय | श्री नरसिंह मन्दिर व्यवास्थ्पन समिति, | बगनासकाली-२ पोखराथोक | |
| ३ | कोठेचौर खेल मैदानमा निर्माण गरिएको सार्वजनिक शौचालय | श्री नवजागृति युवा क्लब, श्री प्रकृति युवा क्लब | बगनासकाली-१ कोठेचौर | |

ज) बजेट माग सम्बन्धमा :-

वगनासकाली गाउँपालिका वडा नं. ८ बराङ्दीमा र वडा नं. ६ दर्पुगमा निर्माणाधीन स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्नका लागि आवश्यक बजेटको व्यवस्था गरीदिनको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

झ) आर्थिक सहायता सम्बन्धमा :-

कार्यालयमा पेश हुन आएका निवेदन उपर छलफल गर्दा तपसिलका व्यक्तिहरुलाई तपसिलको आर्थिक सहयोग/राहत विभिन्न कोष तथा कार्यक्रमबाट प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | निवेदक | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अनिता घर्ति | वडा नं. २ | रू.१५,०००/- | आर्थिक सहायता |
| २ | तुल्सा घर्ति मगर | वडा नं. ३ | रू.१०,०००/- | आर्थिक सहायता |
| ३ | नेवा गुठी कला संस्कृति संरक्षण | वडा नं. ३ | रू.२०,०००/- | भाषा कला साहित्य संस्कृति जात्रा महोत्सव आदि |
| ४ | हिमराज न्यौपाने | वडा नं. ४ | रू.१५,०००/- | आर्थिक सहायता |
| ५ | सुन्तौली दमाईको सव व्यवस्थापन | वडा नं. ७ | रू.१०,०००/- | प्रकोप व्यवस्थापन कोष |

ञ) आयोजना तथा कार्यक्रम सम्बन्धमा :-

मर्मत सम्भार कोषवाट खर्च गर्ने गरी तपसिलका आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजना तथा कार्यक्रम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | भू.पु.सैनिक भवन अगाडी बाटो मर्मत तथा ढलान | वडा नं. १ | रू.४,००,०००/- | |